**इलाम नगरपालिका, नगर कार्यपालिकाको कार्यालय इलामको**
**इलाम सिटी मार्ट भवन निर्माणका लागि**
**पुनः निजी साझेदार आव्हान गरिएको मिति २०७५।३।१३ को तेस्रो पटकको सूचना**

इलाम नगरपालिका, सार्वजनिक निजी साझेदारी व्यवस्थापन तथा सञ्चालन ऐन, २०७४ बमोजिम इलाम नगरपालिका वार्ड नं. ७ नयाँबजार सब्जीहाटमा रहेको कि.नं. ८९ को जग्गामा निर्माण हुने इलाम सिटी मार्टका लागि इलाम नगरपालिका, नगर कार्यपालिकाको मिति २०७५।२।२० को निर्णयानुसार सो सिटी मार्टको निम्न कोठाहरुमा व्यापार व्यवसाय गर्न इच्छुक व्यक्ति तथा संघसंस्थाहरुलाई निजी लगानीको लागि सिलबन्दी प्रस्ताव आव्हान गरिएको छ । इलाम सिटी मार्ट भवनमा व्यापार व्यवसाय गर्न इच्छुक व्यक्ति तथा संघसंस्थाहरुले मिति २०७५।३।१९ गते कार्यालय समय भित्रमा यस कार्यालयबाट रु ५००।०० (फिर्ता नहुने) बुझाई प्रस्ताव फाराम प्राप्त गर्न सक्नेछ । सिलबन्दी प्रस्ताव मिति २०७५।३।२० गते दिनको १२ बजे भित्रमा यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । सिलबन्दी प्रस्तावसाथ आफूले कवोल गरेको मासिक भाडा रकम बराबर वा स्वेच्छाले सो भन्दा बढी रकम यस कार्यालयको ने.बै.लि. इलामस्थित धरौटी खाता नं. ०४००३०००००००००३००००४३ मा जम्मा गरेको सक्कलै भौचर संलग्न हुनु पर्नेछ । प्राप्त सिलबन्दी प्रस्तावहरु सोही दिन दिनको २ बजे खोलिनेछ । इलाम सिटी मार्ट भवनमा व्यापार व्यवसाय गर्न इच्छुक निजी साझेदारहरुले अग्रिम लगानी गर्नु पर्ने रकम तथा न्यूनतम मासिक भाडा निम्नानुसार भएको हुँदा सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ ।

**निम्न :–**

(१) प्रत्येक तलाका कोठाहरुको लगानी रकम र न्यूनतम मासिक भाडा

| तला | वर्ग | कोठा | लगानी रकम | मासिक भाडा | लगानीको लागि खुला गरिएको कोठा नं. |
|---|---|---|---|---|---|
| जमिन तला | क | ११ | ५,००,०००।०० | १०,०००।०० | १,२,१४,१९,२१, |
| | ख | १२ | ३,५०,०००।०० | ८,०००।०० | ४,५,८,२४,२५, |
| | ग | ३ | ३,००,०००।०० | ६,०००।०० | १२,१३ |
| पहिलो तला | क | ७ | ६,००,०००।०० | १२,०००।०० | सबै कोठामा लगानी भइसकेको |
| | ख | ११ | ५,००,०००।०० | १०,०००।०० | ४,६,७,२५, |
| | ग | ८ | ३,००,०००।०० | ७,०००।०० | १७, |
| दोस्रो तला | क | ११ | ३,००,०००।०० | ६,०००।०० | १,४,११,१६,१७,१८,२१,२२,२४,२५,२६ |
| | ख | १५ | ३,००,०००।०० | ४,५००।०० | ५,६,७,८,१०,१२,१३,१५,२० |
| ते.त. | | १४ | ३,००,०००।०० | ४,५००।०० | |

(२) लगानीका शर्तहरुः

(क) प्रत्येक कोठामा उल्लिखित न्यूनतम भाडादरलाई आधार मानेर दर्ता भएका प्रस्तावहरु बिच प्रतिस्पर्धा हुनेछ र सबै भन्दा बढी भाडा रकम कवोल गर्ने लगानीकर्ताले प्राथमिकता पाउनेछ । विगतमा सो क्षेत्रमा व्यापार व्यवसाय गरी आएको भन्ने आधारलाई र यस अघि स्वीकृत भइसकेका लगानीकर्ताहरुले तोकिएको समयमा लगानी रकम नबुझाएको हुनाले त्यस्ता लगानीकर्तालाई प्राथमिकतामा राखिने छैन ।

(ख) लगानीकर्ताको प्रस्ताव स्वीकृति भएपछि प्रत्येक लगानीकर्ताहरुले तोकिएको लगानी रकम ३ किस्ता क्रमशः ४० प्रतिशत, ३० प्रतिशत र ३० प्रतिशत दरले न.पा. कार्यालयले तोकेको समयमा दाखिला गर्नु पर्नेछ ।

(ग) प्रत्येक सटर कोठाको तोकिएको भाडा रकम हरेक २ वर्षमा IRR/Market Value समेतका आधारमा पुनरावलोकन गरिनेछ ।

(घ) उल्लिखित प्रक्रिया अनुसार लगानीकर्ताले न्यूनतम १० वर्षसम्म तोकिएको भाडा रकम तिरी साझेदारी लगानीका आधारमा बिना प्रतिस्पर्धा आफूले लगानी गरेको सटर पसल उपयोग गर्न पाउने गरी नगरपालिकाले सम्झौता गर्नेछ ।

(ङ) लगानीकर्ताले आफूले लगानी गरी लिएको कोठा अन्यलाई भाडामा दिन वा लगाउन पाउने छैन । काबु भन्दा बाहिरको परिस्थितिको हकमा नगर कार्यपालिकाले वस्तुगत परिस्थिति मूल्याङ्कन गरी तत्सम्बन्धमा विशेष निर्णय गर्न पनि सक्नेछ ।